# खिजीदेम्वा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## खिजीफलाटे, ओखलढुंगा

पत्र संख्या:-२०८३/०८४
चलानी नं.: ९४३

कोशी प्रदेश ,नेपाल
मितिः-२०८३/०५/०५

श्री पिके हाइड्रोपावर लिमिटेड
कुबु कौंस्थली—२, रामेछाप ।

विषयः विवादको दीगो समाधान गरेर मात्र परियोजना अघि बढाउने सम्वन्धमा ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको कार्यक्षेत्र तथा छिमेकी स्थानीय तहका सम्वन्धित क्षेत्रमा निर्माणाधीन लिखु खोला जलविद्युत आयोजना (३० मे.वा.) सम्बन्धमा यस कार्यालयमा प्राप्त पत्राचार, स्थानीय सरोकारवालाबाट व्यक्त चासो, गुनासा तथा आयोजनाको पछिल्लो अवस्थासमेतलाई मध्यनजर गर्दा आयोजना निर्माण तथा सञ्चालनसम्वन्धी विषयमा थप समन्वय, छलफल, सहजीकरण र स्पष्टता आवश्यक देखिएको छ ।

सो सम्वन्धमा आयोजना निर्माण कार्य केही समयदेखि स्थगित रहेको, निर्माण कार्य पुनः सञ्चालनका लागि स्थानीय तह तथा सम्बन्धित निकायको समन्वय र सहयोग आवश्यक रहेको तथा स्थानीय सरोकारका विषयहरू सम्वोधन गर्दै आयोजना अघि बढाउने प्रतिबद्धता व्यक्त गरिएको थियो । त्यसैगरी, यस गाउँपालिकाबाट मिति २०८३/०४/१३ मा प्रसित पत्रमार्फत आयोजना प्रभावित क्षेत्रका नागरिक, जनप्रतिनिधि, संघर्ष समिति तथा अन्य सरोकारवालाहरूसँग सार्वजनिक सुनुवाइ, अन्तरक्रिया तथा आवश्यक छलफल गरी सहमति कायम गरेर मात्र आयोजना सञ्चालनसम्बन्धी प्रक्रिया अघि बढाउन अनुरोध गरिएको व्यहोरा विधितै हुनुपर्छ ।

आयोजनाको निर्माणका क्रममा हुन सक्ने मानवीय तथा प्राकृतिक जोखिम, भौगोलिक अवस्थिति, वातावरणीय प्रभाव, स्थानीय बासिन्दाको चासो तथा गुनासा, क्षति तथा पूर्वाधारसम्वन्धी विषयहरू पर्याप्त रूपमा सम्वोधन नगरी निर्माण कार्य अघि बढाउँदा भविष्यमा विवाद तथा जोखिम उत्पन्न हुन सक्ने अवस्था देखिएको हुँदा तत्काल निर्माण कार्य अघि बढाउनु उपयुक्त देखिँदैन । त्यसमा पनि बर्षातको समयमा जवरजस्ती आयोजना अघि बढाउँदा धनजनको क्षति बढ्ने निश्चित छ ।

अतः यस गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा, जनप्रतिनिधि, सम्बन्धित वडा कार्यालय, संघर्ष समिति, सरोकारवाला निकाय तथा आयोजनाका प्रतिनिधिहरूबीच आवश्यक सार्वजनिक परामर्श, सुनुवाइ तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी उठेका चासो, गुनासा र मागहरूको सम्बोधन तथा आपसी सहमति कायम नभएसम्म आयोजनाको निर्माण/पुनःसञ्चालनसम्बन्धी कार्य तत्काल अघि नबढाउन निर्देशन गरिन्छ ।

जस अनुसारः

१. आयोजनाको निर्माण कार्य, निर्माणस्थलमा उपकरण तथा जनशक्ति परिचालन, नयाँ संरचना निर्माण तथा अन्य भौतिक कार्य तत्काल अघि नबढाउनू ।

२. आयोजना प्रभावित क्षेत्रका नागरिक तथा सरोकारवालासँग आवश्यक सार्वजनिक सुनुवाइ, परामर्श तथा अन्तरक्रिया कार्यक्रम यस गाउँपालिकासँगको समन्वयमा सञ्चालन गर्नू ।



गम्बु शेर्पा
अध्यक्ष

Scanned with CamScanner

३. आयोजनाबाट स्थानीय बस्ती, सडक, खानेपानी, सिंचाइ, वातावरण, वन तथा अन्य सार्वजनिक/निजी सम्पत्तिमा पर्न सक्ने प्रभाव तथा जोखिमसम्बन्धी विषयमा आवश्यक प्राविधिक अध्ययन/मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्नू ।

४. यसअघि स्थानीय तह तथा सरोकारवालासँग भएका सम्झौता, सहमति, प्रतिबद्धता र तिनको कार्यान्वयन अवस्थासम्बन्धी विवरण गाउँपालिकामा उपलब्ध गराउनू ।

५. स्थानीय बासिन्दाबाट उठाइएका जायज माग तथा गुनासाहरूको सम्बोधनका लागि स्पष्ट कार्ययोजना प्रस्तुत गरी गाउँपालिकासँग आवश्यक समन्वय गर्नू ।

६. उपर्युक्त प्रक्रिया पूरा भई सम्बन्धित सरोकारवालाबीच आवश्यक सहमति तथा समन्वय कायम नभएसम्म यस गाउँपालिकाबाट अर्को लिखित निर्णय/निर्देशन नभएसम्म आयोजना निर्माण तथा पुनःसञ्चालनसम्बन्धी कार्य अघि नबढाउनू ।

आयोजना दीर्घकालीन रूपमा सुरक्षित, वातावरणमैत्री, स्थानीय जनताको हित तथा सरोकारलाई सम्बोधन गर्ने गरी सञ्चालन होस् भन्ने गाउँपालिकाको उद्देश्य रहेको व्यहोरा समेत जानकारी गराइन्छ। यस विषयमा कम्पनीबाट आवश्यक सहयोग तथा समन्वय हुने अपेक्षा गरिएको छ ।

पुनश्चः गाउँपालिकाले समन्वयत्मक रुपमा सहजिकरण गरी रहेको सन्दर्भमा आयोजनाले मिति २०८३।०५।३ मा पत्राचार गरी २०८३ भाद्र ५ मै भेला आयोजना गर्नु अव्यवहारिक र स्थानीय सरोकारवालालाई गुम्राहमा राख्न खोजेको पुष्टि हुन्छ । पर्याप्त सूचना तथा प्रचार प्रसार बीना भेलाको हवाला दिई जबरजस्ती आयोजना अघि बढाउन खोज्दा सिर्जना हुने जस्तोसुकै परिस्थितिको आयोजना स्वंय जिम्मेवारी हुनुपर्ने छ ।

..........................

गम्बु शेर्पा

गाउँपालिका अध्यक्ष

गम्बु शेर्पा

अध्यक्ष

<u>बोधार्थः</u>

श्री जिल्ला प्रशासन कार्यालय, ओखलढुङ्गा ।

श्री सम्बन्धित वडा कार्यालयहरू ।

श्री सम्बन्धित सरकारी/नियमनकारी निकाय ।

श्री आयोजना प्रभावित क्षेत्रका सम्बन्धित सरोकारवालाहरू ।



Scanned with CamScanner